आ.व. २०८०।०८१ बैठक नं. १२।०८०।०८१
बैठक:- नगर कार्यपालिका बैठक मिति:-२०८१।०१।१४ गते
अध्यक्षता:- नगर प्रमुख **सन्तोष लाल श्रेष्ठ** स्थान:- ता.न.पा मिनिहल
समय:- दिनको १.०० बजे

तानसेन नगर कार्यपालिकाको बैठक तानसेन नगरपालिकाका नगर प्रमुख **श्री सन्तोष लाल श्रेष्ठ** ज्युको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

उपस्थिति

| उपस्थिति | नाम थर | पद | ठेगाना | कार्यपालिका |
|---|---|---|---|---|
| | श्री सन्तोषलाल श्रेष्ठ | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष |
| | श्री प्रतिक्षा सिंजाली | नगर उपप्रमुख | ता.न.पा. ४ | सदस्य |
| | श्री यादव सिंह कार्की | वडा अध्यक्ष (प्रवक्ता) | ता.न.पा.११ | सदस्य |
| | श्री सुनिल कुमार वस्याल | वडा अध्यक्ष | ता.न.पा. १ | सदस्य |
| | श्री महेश्वर श्रेष्ठ | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य |
| | श्री वावुरत्न शाक्य | वडा अध्यक्ष | ता.न.पा ३ | सदस्य |
| | श्री हेमन्तराज शाक्य | वडा अध्यक्ष | ता.न.पा. ४ | सदस्य |
| – | श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य |
| | श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य |
| | श्री प्रदिप खनाल | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य |
| | श्री सोमनाथ अर्याल | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य |
| | श्री राजेश कुमार अर्याल | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य |
| | श्री हिमलाल पंगेनी | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य |

| | | | |
|---|---|---|---|
| श्री मेजर सिंह केसी | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य |
| श्री शोभाकर भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य |
| श्री लक्ष्मी नेपाल | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| श्री मन्जु वि.क | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| श्री सविता भट्टराई | कार्यपालिका सदस्य | ता.न.पा. २ | सदस्य |
| श्री पुजा रावल | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री लक्ष्मी विश्वकर्मा | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री दिनेश गन्धर्व | कार्यपालिका सदस्य | ता.न.पा. ६ | सदस्य |
| श्री संजय घले | कार्यपालिका सदस्य | ता.न.पा. ४ | सदस्य |
| श्री अनु रामदाम | कार्यपालिका सदस्य | ता.न.पा. १० | सदस्य |
| श्री हरिराम नागिला | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा.का | सचिव |
| श्री धन बहादुर कार्की | डि.वी.वडा अध्यक्ष-५ | | |

निर्णय नं. १

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ को उपदफा ७ बमोजिम यस नगरपालिका अन्तरगतका सबै वडा समितिलाई तोकीए बमोजिमको बजेट सिमा र मार्गदर्शन पठाउने निर्णय गरियो ।

निर्णय नं. २

तानसेन नगरपालिका वडा नं. ४ स्थित वडा कार्यालय भवन निर्माणका लागि सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने मापदण्ड, २०७७ बमोजिम सम्बन्धित वडा कार्यालयले माग गरेको जग्गाको विवरण अनुसार उक्त जग्गा उपलब्ध गराउन यस मापदण्डको दफा ६ बमोजिमको सिफारिस समितिमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

तानसेन नगरपालिका Citynet को सदस्यता रही आएकोमा वार्षिक नविकरण शुल्क वापतको ९०० US डलर र पठाउदा लाग्ने शुल्क समेत बुझाउने निर्णय गरियो ।

निर्णय नं. ४

तानसेन नगरपालिका वडा नं. १४ स्थित चिदि लिफिटङ्ग खानेपानी योजनाको लागि तानसेन नगरपालिकाको मर्मत सम्भार कोष शिर्षकवाट रु १,४०,०००। (एकलाख चालिसहजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ५

तानसेन नगरपालिका वडा नं. १२ को वडा कार्यालय भवन निर्माण योजनाको लागि आ.व. ०८०।०८१ मा रु.४०,०००००। (चालिस लाख) विनियोजन भएको र उक्त योजना बोलपत्र आव्हान हुँदा रु. ३३,९९,२९६।२७ मा सम्झौता भई निर्माण कार्य भईरहेको छ । त्यस पश्चात पनि उक्त भवन निर्माण योजना अधुरो रहने भएकोले सो निर्माण कार्यका लागि थप काम गर्नुपर्ने जरुरी भएको प्राविधिक प्रतिवेदन र सम्बन्धित वडाको सिफारिस आएको हुनाले उक्त बजेट सीमा भित्र रहि थप काम गर्न अनुमती दिने निर्णय गरियो ।

निर्णय नं. ६

नेपाली सैनिकबाट श्री ७ रणउजिरेश्वरी भगवतीमाताको भाकल गरी ऐतिहासिक जितगढीमा विजय हासिल गरेको स्थानमा गोर्खा जिल्लाबाट पैदल यात्रा गरी पूर्वी पाल्पाको माथागढी, तानसेन हुदै जीतगढीसम्म पर्यटन प्रवर्द्धन गर्ने तथा विजयको ऐतिहासिक महत्वलाई कायम गर्ने गरी यात्रा संचालन भएको र उक्त यात्राका क्रममा ता.न.पा. वडा नं. ७ प्रभासमा २ दिनसम्म बसेको र उक्त समयमा खाजा, खाना समेत खाएकोले सो बापत भएको खर्च रु. ४८,०००। ता.न.पाको कला संस्कृति तथा सम्पदा संरक्षण शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ७

तानसेन नगरपालिकामा कर्मचारीहरुको लागि कार्यकक्षको अभाव भएको हुंदा मिनिहल संगै रहेको खुल्ला भागमा पुरानो बाहिरी संरचना नबिग्रने गरी कार्यकक्ष निर्माण गर्ने र प्राविधिक मूल्यांकन अनुसार मर्मत सम्भार कोष शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ८

तानसेन नगरपालिका र बजार केन्द्रहरुमा साझेदारी विकास कोष मार्फत ऋण लगानी गरिएकोमा हालसम्म ऋण उठन बाँकी रहेकोले तत्काल ऋण अशुलीका लागि सम्बन्धित ऋणीहरुलाई पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

ता.न.पा को आ.व. २०८०।८१ को पूर्वाधार विकास कार्यक्रम अन्तर्गत नगरपालिकाको मूल भवनमा कार्यपालिका बैठक हलको निर्माण गर्ने योजना अनुरुप अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणीकरण

२०८१।१।१४